Regd.-124295

Nepal Hydro Developer Limited.

च. नं. २१/०७९./०८०

मितिः २०७९/०९/०१

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल

**बिषयः बार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज बन्द (Book Close) गर्ने सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा मिति २०७९।०९।०१ गते दिउँसो ४ बजे बसेको यस कम्पनीको सञ्चालक समितिको ७६ औं बैठकले निर्णय गरे बमोजिम कम्पनीको १६औं वार्षिक साधारण सभा मिति २०७९ पौष २९ गते विहान ११ बजे हुने भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

साथै, कम्पनीको १६ओं वार्षिक साधारण सभा तथा लाभांश प्रयोजनको लागि मिति २०७९।०९।११ गते एक दिनका लागि कम्पनीको शेयर दाखिल खारिज बन्द रहनेछ । साथै वार्षिक साधारण सभा सम्बन्धी सूचना संलग्न बमोजिम भएको व्यहोरा समेत जानकारी गराउँदछौं ।

भवदीय

Nepal Hydro Developer Limited 2006 * Kathmandu *

.............................
शेष कुमार ढूङ्गाना
प्रमुख कार्यकारि अधिकृत
तथा
कम्पनी सचिब

बोद्धार्थ,
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाण्डौ ।
श्री सिडिएस एण्ड क्लियरीङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
श्री एन. एम. बी. क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौं ।

Dillibazar-33, P.O. Box 26435, Kathmandu, Nepal
Tel: 977-1-4441131, 4441444, 4441118, 01-2003887 (UTL), Fax: 977-1-4441973
Email: info@charnawatihydro.com, Website: www.charnawatihydro.com

# नेपाल हाईड्रो डेभलोपर लिमिटेड
## डिल्लीबजार, काठमाण्डौं, नेपाल

## वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/०९/०३)

आदरणिय शेयरधनी महानुभावहरु

यस कम्पनीको मिति २०७९/०९/०१ मा बसेको सञ्चालक समितिको ७६ औं बैठकको निर्णयानुसार यस कम्पनीको १६औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न लिखित प्रस्ताव उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९ पौष २९ गते (जनवरी १३, २०२३)
समय : विहान ११ बजे
स्थान : लिसारा रिसेप्सन्स, नक्साल, काठमाण्डौं ।

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक वित्तीय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु) छलफल गरी पारित गर्ने ।
३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूंजी रु. ३१,९९,३०,०००/- को ०.२६३२ प्रतिशतका दरले हुन आउने रु. ८,४१,९२१.०५ बराबरको नगद लाभांश (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
५. चार (४) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/०७९ सम्मको सञ्चित मुनाफाबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजीको ५ प्रतिशतका दरले हुन आउने रु. १,५९,९६,५००/- बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
२. बोनश शेयर निष्काशन प्रयोजनका लागि कम्पनीको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने तथा सोही अनुरुप प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने ।
३. बोनश शेयर जारी गर्ने लगायतका कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, लगायतका नियमनकारी निकायका निर्देशन बमोजिम कम्पनीको स्वीकृत प्रबन्धपत्र तथा नियमावलीमा थप संशोधन गर्नु पर्ने भएमा गर्न वा अन्य आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग. विविध :**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

**बार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी :**

१) यस कम्पनीको सोह्रौं बार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०७९/०९/११ गते यस कम्पनीको शेयर दाखिल खारेज बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/०९/०७ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी काठमाण्डौंमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न तथा बोनश शेयर तथा नगद लाभांश प्राप्त गर्न योग्य हुनेछन् ।
२) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको प्रमाण तथा परिचय खुल्ने कुनै प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
३) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान १०:०० बजे देखि खुल्ला रहनेछ ।
४) नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेख) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन । संयुक्त रुपमा शेयर लिएको शेयरधनीको हकमा सर्वसम्मत एक व्यक्ति मात्र सभामा भाग लिन पाउने छ । सर्वसम्मत प्रतिनिधि तोक्न नसकेको खण्डमा शेयरधनीको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोही व्यक्तिले दिएको मत वा प्रतिनिधी पत्र मात्र सदर हुनेछ ।
५) सभामा भाग लिन स्वयं उपस्थित हुन नसक्ने भई प्रोक्सी मार्फत प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, डिल्लीबजार, काठमाण्डौंमा प्रोक्सी दर्ता गरी सक्नुपर्नेछ । प्रतिनिधी (प्रोक्सी) नियुक्त गरीसक्नु भएको शेयरधनी स्वयम् सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा उक्त प्रोक्सी स्वतः बदर हुनेछ ।
६) नाबालक वा अशक्त शेयरधनीको प्रतिनिधीको हकमा कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र प्रतिनिधी तोक्न सक्नेछ ।
७) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।
८) प्रतिनिधी नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखतस्तसँग मिल्नुपर्नेछ ।
९) कम्पनीको बार्षिक साधारणसभा सम्बन्धी सूचना, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक विवरणहरु कम्पनीको वेवसाईट www.charnawatihydro.com मा राखिने छ । कसैले हेर्न नसक्नु भएमा यस कम्पनीको रजिष्टर्ड कार्यालय डिल्लीबजार, काठमाण्डौं वा यस कम्पनीको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौंबाट वितरण गर्ने व्यवस्था मिलाईनेछ । शेयरधनीको प्रमाण प्रस्तुत गरी सो प्रतिवेदन प्राप्त गर्न सक्नु हुनेछ ।
१०) निर्वाचन सम्बन्धी कार्य तालिका वार्षिक साधारण सभाको दिनभन्दा १५ दिन अगावै डिल्लीबजार, काठमाण्डौंमा रहेको कम्पनीको रजिष्टर्ड कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।
११) कुनै शेयरधनी महानुभावहरुलाई कम्पनी सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखितरुपमा सभा शुरु हुनुभन्दा कम्तीमा ७ दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालय डिल्लीबजार, काठमाण्डौंमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
१२) अन्य विस्तृत जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय डिल्लीबजार, काठमाण्डौंमा कार्यालय समय भित्र फोन नं. ४४४११३१ मा सर्म्पक राख्न सक्नु हुनेछ ।
१३) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।